# गैंडाकोट राजपत्र

खण्ड :०६ संख्या :०२ मिति : २०८०/०७/१६

## भाग □०२

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### गैंडाकोट नगरपालिकाको

### जल यातायात सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना :

गैंडाकोट नगरपालिका क्षेत्रभित्र आफ्नो सिमाना भएर बग्ने नदी तथा नगरपालिका भित्रका सम्पूर्ण नदी, ताल तलैयामा जल यातायात, पानीजन्य खेल सञ्चालन, व्यवस्थापन लगायतका कार्य गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम गैंडाकोट नगरपालिकाद्वारा यो कार्यविधि पारित गरी लागू गरिएको छ ।

परिच्छेद १

**प्रारम्भिक**

**१) संक्षिप्त नाम र प्रारम्भ** : १.१ यस कार्यविधिको नाम "जल यातायात सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

१.२ यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२) यो कार्यविधिको क्षेत्र :** गैंडाकोट नगरपालिकाको सिमाना भएर बग्ने नारायणी लगायतका नदी, नगरपालिका भित्रका सम्पूर्ण प्राकृतिक नदी, ताल तलैया साथसाथै नगरपालिकाद्वारा प्रकाशित

सार्वजनिक निजी साझेदारी परियोजनाहरूको क्षेत्र रहने छ । यसमा सिमाना जोडिएका भरतपुर महानगरपालिका, देवचुली नगरपालिका, बुलिङटार गाउँपालिका, देवघाट गाउँपालिका लगायतका स्थानीय तहसँग समेत आपसी समन्वय गरिने छ । गैंडाकोट नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र कार्यपालिका बैठकबाट पारित गरी कार्य आरम्भ गर्नेछ ।

३) **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) ‘‘नगरपालिका’’ भन्नाले गैंडाकोट नगरपालिकालाई सम्झनु पर्छ ।

ख) ‘‘कार्यपालिका’’ भन्नाले गैंडाकोट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) ‘‘कार्यालय’’ भन्नाले गैंडाकोट नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) ‘‘प्रमुख’’ भन्नाले गैंडाकोट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

ङ) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले गैंडाकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) ‘‘ऐन’’ भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्नेछ ।

छ) ‘‘ अनुमति प्राप्त व्यक्ति’’ भन्नाले जल यातायात सञ्चालन गर्न **सम्बन्धित मन्त्रालय वा विभाग वा कार्यालयबाट** ईजाजतपत्र प्राप्त तथा गैंडाकोट नगरपालिकाबाट अनुमति प्राप्त व्यक्ति वा कम्पनीलाई सम्झनु पर्छ ।

(ज) ‘‘जलयान टोली’’/ ‘‘जलयान कर्मचारी’’ भन्नाले एक वा एकभन्दा बढी सदस्य भएको जलयान सञ्चालन गर्ने टोली सम्झनुपर्छ ।

झ) ‘‘जलयान व्यवसाय’’ भन्नाले नेपालको आन्तरिक जलमार्गमा जलयान सञ्चालन गर्नका लागि गरिने व्यवसाय सम्झनु पर्छ अर्को शब्दमा जलयात्रा ।

ञ) ‘‘जलयान व्यवसायी’’ भन्नाले जलयान व्यवसाय गर्ने व्यक्ति वा जलयान व्यवसाय गर्नका लागि प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी, संस्था वा फर्म सम्झनु पर्छ ।

ट) ‘‘आन्तरिक जलमार्ग’’ भन्नाले नेपालभित्रको नदी, खोला, ताल तलैया, पोखरी, नहर वा नौपरिवहन योग्य पानी (Navigable water) सम्झनुपर्छ ।

ठ) ‘‘यात्रु’’ भन्नाले यान्त्रिक जलयान यात्रा गर्ने मास्टर, इन्जिनियर, चालक दलका सदस्य बाहेकका अन्य सबै व्यक्तिहरू सम्झनुपर्छ ।

ड) ‘‘सेवा शुल्क’’ भन्नाले अनुमति प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले उपलब्ध गराएको सेवा उपयोग गरे वापत बुझाउनु पर्ने शुल्क सम्झनु पर्दछ ।

ढ) ‘‘दस्तुर’’ भन्नाले व्यवसाय दर्ता, नवीकरण, विलम्ब र नक्कल वा नगरपालिकाको सेवा प्राप्त गर्न गैंडाकोट नगरपालिकालाई बुझाउनु पर्ने दस्तुर भन्ने बुझिन्छ ।

ण) "जलयान" भन्नाले कुनै पनि प्रकारको इन्धन, वाफ वा विद्युत प्रयोग गरी इन्जिन वा मोटर द्वारा सञ्चालन हुने , आफैमा इन्जिन वा मोटर भएको वा इन्जिन वा मोटर प्रयोग हुने अन्य यानबाट तानिइ वा धकेली सञ्चालन हुने वार्ज (Barge) वा अन्य जलयान पनि यसैभित्र पर्नेछन् ।

## परिच्छेद २

## उदेश्य र क्षेत्र

**४. यस कार्यविधिको उदेश्य देहाय बमोजिमको हुनेछ ।**

४.१ गैंडाकोट नगरपालिकाको सिमाना भएर बग्ने नारायणी लगायतका नदी, नगरपालिका भित्रका सम्पूर्ण प्राकृतिक नदी, ताल तलैया साथसाथै नगरपालिका द्वारा प्रकासित सार्वजनिक निजी साझेदारी परियोजनाहरूको क्षेत्रभित्र सञ्चालनमा रहेका जलयातायात - नदीमा चल्ने डुङ्गा (लगायत मोटर तथा इन्जिनजडित साधन) लाई थप व्यवस्थित गराई सञ्चालन अनुमति दिने ।

४.२ जलयातायात सञ्चालन सम्बन्धी नियमन तथा राजश्व संकलन गर्ने ।

४.३ जलयात्रा गर्ने यात्रु तथा जल यातायात सञ्चालनको लागि सुरक्षा मापदण्ड तयार गर्ने ।

४.४ जलयात्राको प्रवर्द्धन सम्बन्धी कार्य गर्ने ।

४.५ जलयात्रा यातायात वा जल मनोरञ्जनको विषयमा थप अध्ययन गर्ने ।

**५. कार्यक्षेत्र : यस कार्यविधिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :**

५.१ गैंडाकोट नगरपालिकाको सिमाना भएर बग्ने नारायणी लगायतका नदी, नगरपालिका भित्रका सम्पूर्ण प्राकृतिक नदी, ताल तलैया साथसाथै नगरपालिकाद्वारा प्रकाशित सार्वजनिक निजी साझेदारी परियोजनाहरूको कार्यक्षेत्रभित्र जलयातायात सञ्चालन गरिने स्थानलाई कार्यक्षेत्र मानिने छ ।

## परिच्छेद-३

## निरीक्षण तथा दर्ता सम्बन्धी व्यवस्था

**६ इजाजत/अनुमति सम्बन्धी व्यवस्थाः**

६.१ **अनुमति नलिई जलयात्रा व्यवसाय सञ्चालन गर्न नहुने**:- यस कार्यविधि बमोजिम इजाजत नलिई वा स्वीकृत नगराई कसैले पनि जलयातायात व्यवसाय सञ्चालन गर्न हुँदैन ।

६.२ तर दर्ता प्रयोजनको लागि पोर्टसम्म आउने वा दर्ता नवीकरणको लागि सबै भन्दा नजिकको स्थानसम्म यात्रु वा मालसमान नबोकी आउने, उत्पादकले परीक्षण तथा तालिम केन्द्रले तालिमका लागि प्रयोग गर्ने जलयानको, कार्यक्षेत्रभित्र प्रवेश नगरी तथा कँही कतै नरोकी सञ्चालन गरिने जलयानका लागि ६.१ लागू हुने छैन ।

६.३ **अनुमतिका लागि दरखास्त दिनुपर्ने**:- जलयातायात व्यवसाय सञ्चालन गर्न सञ्चालकहरूले अनुसूची(१) बमोजिमको ढाँचामा निम्न कागजात सहित दरखास्त दिनुपर्नेछ :-

- **अनुसूची १(ख**) बमोजिमको दरखास्त,
- व्यवसाय दर्ताको निवेदन,
- बिदेशवाट आयात गरेको भए हल नं. र इन्जिन नं स्पष्ट खुलेको प्रज्ञापन पत्र । वा नेपालमा बनेको भए हल नं. र इन्जिन नं स्पष्ट खुलेको जलयान उत्पादकबाट जारी गरिएको आधिकारिक विल विजक,
- प्रयोग गरिएको इन्जिनको आधिकारिक विक्रि वितरक नेपालमा रहेको प्रमाण । (विक्रि वितरक प्रमाणपत्र सहित इन्जिन उत्पादकको आधिकारिक website मा विक्रि वितरकको विवरण उल्लेख भएको हुनुपर्ने )
- जलयान निर्माताको प्रमाणपत्र तथा Sea Wordiness Test Certificate,
- जलयान चालक प्रमाणपत्र,
- निरीक्षकको प्रमाणपत्र,
- जलयानको लगबुक,
- कम्पनी, फर्म वा सस्था दर्ताको प्रतिलिपि,
- कम्पनी, फर्म वा सस्था अद्यावधिक भएको प्रमाण,
- प्यान वा भ्याट दर्ताको प्रमाणपत्र,
- Tax Clerance प्रमाणपत्र,
- सम्बन्धित व्यवसायीको नागरिकताको प्रतिलिपि,

**६.४) निरीक्षक (सर्भेयर) वा कर्मचारी को नियुक्ति**

६.४.१ यस कार्यविधि बमोजिम दर्ता भएका जलयान तथा व्यवसायको चेक जाच गर्ने सुरक्षा सम्बन्धी नियम पालनाको निगरानि गर्ने र त्यस सम्बन्धी अन्य व्यवस्थाको सम्बन्धमा निरीक्षण गरी कार्यालयमा प्रदिवेदन पेस गर्ने कार्यको लागि कार्यालयले आवश्यक संख्या तथा प्रकारका तत्सम्बन्धी योग्यता प्राप्त भएका निरीक्षक वा कर्मचारी स्वीकृत गर्न सक्नेछ ।

६.४.२ माथि नियम ६.३ बमोजिम पाप्त निवेदन जाच गर्नको लागि कार्यालयले उपनियम ६.४.१ बमोजिम निरीक्षक खटाउन सक्नेछ ।

६.४.३ कार्यालयले कार्य क्षेत्र तोकी एक भन्दा बढी निरीक्षक खटाउन सक्नेछ ।

६.४.४ एक पटकको निरीक्षण चित्त बुझ्दो नपाइएमा कार्यालयले दास्रो पटक निरीक्षण गराउन सक्नेछ ।

६.४.५ जलयान निरीक्षणको शुल्क तथा खर्च व्यवसायीले नै व्यहोर्नुपर्नेछ ।

**७ निरीक्षणको प्रमाण पत्र**

७.१ निरीक्षकले निरीक्षण गरिएको १५ दिन भित्र निम्न ब्योहोरा खुलाइएको अनुसूची २ बमोजिमको प्रतिबेदन कार्यालय र व्यवसायीलाई उपलब्ध गराउनु पर्नेछ ।

७.१.१ हल नं., ब्याइलर , मोटर वा इन्जिन नं. छ, र सो सहित अन्य उपकरणहरू इच्छित यात्रा तथा सेवाको लागि पर्याप्त छन भन्ने बारे ।

७.१.२ जलयानको शरीरमा फ्री बोर्ड मार्किग (free board marking) निर्धारित तरिकामा गरिएको छ भन्ने बारे ।

७.१.३ जलयान निर्माताको प्रमाण सहित कर विल विजक तथा विदेश बाट आयात गरेको भए प्रज्ञापन पत्र ।
७.१.४ प्रयोग गरिएको इन्जिनको आधिकारिक विक्रि वितरक नेपालमा रहेको प्रमाण । (विक्रि वितरक प्रमाण पत्र सहित इन्जिन उत्पादकको आधिकारिक website मा विक्रि वितरक विवरण उल्लेखित भएको हुनुपर्ने )
७.१.५ जलयान निर्माताले जारी गरेको कम्तीमा १ बर्ष समय सीमा रहेको Sea Wordiness Test certificate.
७.१.६ जलयात्राको समय टिपोट गर्ने LOG BOOK
७.१.७ यात्रु बोक्ने तथा १ किलोमिटर भन्दा लामो यात्रा गर्ने जलयानमा Marine Communication system (UHF/VHF) भएको र उक्त सञ्चार उपकरण प्रयोगको लागि सञ्चार मन्त्रालय वा विभागको इजाजत ।
७.१.८ २५ जना भन्दामाथि यात्रु बोक्ने जलयानमा स्पीड मिटर, Live GPS Tracker, Depth Analyzer, Communication system अनिवार्य हुनुपर्ने ।
७.१.९ परिच्छेद ६ को जलयान तथा जलयात्रा सुरक्षा सुपरिवेक्षण सम्बन्धी व्यवस्था पूरा गरेको प्रमाण ।

**७.२ दर्ता बदर हुने अवस्था** - निरीक्षकले ५ क) बमोजिम निरीक्षण गरी एक (१) वर्षको अवधिका लागि मान्य हुनेगरि अनुसूची ४ बमोजिमको प्रमाण पत्र जारि गर्नेछ । यस्तो प्रमाणपत्र निम्न अवस्थामा कार्यालयले खारेज गर्न सक्दछ ।
**७.२.१** प्रमाणपत्र केरमेट गरेको अवस्थामा
**७.२.२** गलत विवरणको आधारमा प्रमाणपत्र जारी भएको पाइएमा
**७.२.३** प्रमाणपत्रमा उल्लेख भएअनुसार शर्त तथा विवरण जलयानमा नभएमा तथा जलयात्रा सञ्चालकले पालना गरेको नपाइएमा ।
**७.३** म्याद नाघेको प्रमाणपत्रलाई नवीकरण गर्नका लागि निरीक्षकबाट निरीक्षण गराई यस कार्यविधि अनुसार पक्रिया पूरा गर्नुपर्नेछ ।

**८ जलयानको लग बुक**

जलयानका सबै परिचयात्मक विवरण सहित त्यसको धनीको नाम, ठेगाना र कारोवारको मुख्य स्थान सहित हल नं., इन्जिन नं., नाम स्पष्ट खुलेको जलयान निर्माताबाट जारी गरीएको, निरीक्षक तथा कार्यालयद्वारा प्रमाणित लग बुक अनिवार्य हुनुपर्नेछ साथै उक्त लगबुक तथा निरीक्षणको प्रमाणपत्र सधैं जलयानको साथमा हुनुपर्नेछ ।

**९ जलयात्रा व्यवसाय दर्ताको प्रमाणपत्र**

९.१) नगरपालिका प्रमुख समक्ष पर्न आएको दरखास्त ( माथि ६.३ अनुसारको ) छानबिन गरी अनुसूची(२) को ढाँचामा अनुमति प्रदान गरिनेछ ।
९.२, जलयात्रा व्यवसाय सञ्चालनको अनुमति दिदा कार्यालयले सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी रूपमा सञ्चालन गर्ने सम्बन्धमा आवश्यकतानुसार शर्तहरू तोक्न सक्नेछ ।
९.३ अनुमतिपत्र प्राप्त गर्न अनुसूची-३ क वमोजिम दस्तुर लाग्नेछ ।
९.४ जलयात्रा सञ्चालनको स्थान अनुसूची ४ बमोजिम हुनेछ ।

## परिच्छेद-४

**१०.इजाजत/अनुमति-पत्र नवीकरण गर्ने:**

यो कार्यविधि बमोजिम जलयातायातका लागि दिइएका अनुमति-पत्र आर्थिक वर्षको अन्तिमसम्म नवीकरण गर्नु पर्नेछ अनुमतिपत्रको नवीकरण गराउँदा अनुसूची-३ क वमोजिम दस्तुर लाग्नेछ। आर्थिक वर्षको अन्तिमसम्म नवीकरण नगरेमा म्याद समाप्त भएको मानिनेछ । म्याद समाप्त भएको ६ महिनाभित्र थप विलम्ब शुल्क अनुसूची-३ ख मा उल्लेखित शुल्क तिरेर नवीकरण गर्न सकिनेछ। उक्त थप समयमा पनि नवीकरण नगरेको खण्डमा अनुमति रद्द भएको मानिनेछ । यसरी म्याद समाप्त भएकोमा पुनः सञ्चालन गर्न चाहेको खण्डमा पुरानो बक्यौता तिरी पुनः नयाँ दर्ताको लागि निवेदन दिन सकिनेछ ।

**११ स्वामित्व परिवर्तनको स्वीकृती लिनु पर्ने:**

कुनै एक व्यक्ति तथा संस्थाको नाममा दर्ता कायम रहेको जलयान खरिद विक्री वा अन्य कुनै व्यक्ति वा संस्थाको नाममा हस्तान्तरण गर्नु परेमा, सञ्चालन तथा व्यवस्थापनको स्वामित्व परिवर्तन गर्नु परेमा कार्यलयको स्वीकृती लिनु पर्नेछ । कार्यालयलाई बुझाउनु पर्ने बक्यौता बुझाईसके पश्चात् लगबुक परिवर्तन गराई स्वीकृती लिनु पर्नेछ ।

## परिच्छेद-५

**१२.जलयान तथा जलयात्रा सुरक्षा सुपरिवेक्षण सम्बन्धी व्यवस्था :**

१२.१ जल यातायात सञ्चालनका लागि निरीक्षणको प्रमाण पत्र प्राप्त गरेको हुनुपर्ने छ ।

१२.२ सम्पुर्ण यात्री तथा चालकदलको कम्तीमा १० लाखको बीमा गरेको हुनुपर्नेछ ।

१२.३ उपनियम ८ ख, बमोजिम सुरक्षा व्यवस्था नगरेको कारणबाट जलयात्रामा जाने यात्रु तथा चालकलाई चोटपटक लागेमा वा निजको मृत्यु भएमा सम्बन्धित व्यवसायीले त्यस्तो व्यक्तिलाई देहाय बमोजिम क्षतिपूर्ति दिनुपर्ने छ :

- चोटपटक लागेमा चोटपटकको प्रकृतिहेरि २ लाखसम्म
- मृत्यु भएमा दश लाखसम्म ।

१२.४. सुरक्षित र प्रचलित कानून बमोजिम मापदण्ड पुगेको डुङ्गा, बोट वा वाटर मोटरवोट मात्र प्रयोग गर्न पाइनेछ ।

१२.५. मेशिनरी वा म्यानुअल बोट चालकको बोट चलाउने अनुमति वा लाइसेन्स अनिवार्य रुपमा हुनुपर्नेछ। अन्य व्यवस्था नभएसम्मको लागि जलयान चालक प्रमाण पत्र, कम्तीमा Marine तालिम केन्द्र बाट Marine Engineer वा SEAMAN BOOK प्राप्त गरी कम्तीमा ५ वर्ष पानी जहाजमा कार्य गरेको SafeGuard बाट ७ दिने सुरक्षा, सञ्चालन, Navigation, Parking, Boarding सम्बन्धी तालिम प्राप्त गरेको प्रमाणपत्र हुनुपर्नेछ ।

१२.६, यात्रु सिट संख्या बराबर लाइफ ज्याकेट हुनुपर्नेछ ।

१२.७, प्रत्येक जलयानमा कम्तीमा २-२ वटा बहना, सिठी, वाटर ट्युब , थ्रो ब्याग हुनुपर्नेछ ।

१२.८ प्रत्येक कम्पनीसंग प्राथमिक स्वास्थ्य उपचार किट हुनुपर्नेछ ।

१२.९ राति सञ्चालन हुने जलयानमा Navigation Light, Flood Light अनिवार्य हुनुपर्नेछ ।

१२.१० बिमा claim गर्नको लागि समेत प्रत्येक टिकटमा यात्रुको नाम लेख्नु पर्ने अनिवार्य भएकोले अनिवार्य रुपमा यात्रुको नाम उल्लेख गरेर टिकट जारी गर्नु पर्नेछ ।

१२.११, Internal Revenue Department (IRD) बाट प्रमाणित मरिन तथा पोर्ट व्यवस्थापन सहितको e-ticketing software प्रयोग गरी त्यसको Live monitoring गर्ने व्यवस्था कार्यालयमा गर्नुपर्नेछ ।
१२.१२ यस नगरपालिकामा दर्ता कायम रहेका जलयान निर्माता तथा Marine Engineer बाट समय समयमा जलयानको मर्मत सम्भार गरी लगबुकमा उल्लेख गर्नुपर्नेछ ।
१२.१३ जलयानको गति सीमितता - जलमार्गमा जलयान सञ्चालनको क्रममा अर्को दिशाबाट अर्को कुनै जलयान आउँदै गरेको अवस्थामा यात्रु तथा जलयानको सुरक्षालाई ध्यानमा राखि आफ्नो जलयानको गति कम गरी बढिमा ५ नट अर्थात १० किमी/घण्टाको गतिमा मात्र सञ्चालन गर्नुपर्नेछ ।
१२.१४ जलयानले गैर कानुनी समानहरू बोक्न मनाही गरीएकोछ ।
१२.१५ कसैले पनि कुनै हिसाबले जलमार्ग वा व्यवसायलाई कुनै प्रकारको अवरोध गर्न पाइनेछैन । त्यसो गरिएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।
१२.१६ जलयान सञ्चालन गर्दा नदीको बायाँ तर्फबाट सञ्चालन गर्ने, दायाँबाट उछिन्ने गर्नुपर्नेछ ।

**१३ वातावरण प्रदूषण रोकथाम सम्बन्धी**

१३.१ जलयान सञ्चालन गर्दा कुनै पनि किसिमको प्रदुषणजन्य गतिबिधि गर्न पाइनेछैन ।
१३.२ जलयानको इन्जिन Four stroke engine हुनुपर्नेछ, Two stroke engine इन्जिनलाई अनुमति दिइनेछैन ।
१३.३ आफ्नो जलयान, क्षेत्रभन्दा बाहिर आवाज आउने गरी ठूलो ठूलो आवाजमा गित सङ्गीत बजाउन पाइनेछैन ।
१३.४ अनावश्यक रुपमा हर्न बजाउन पाइनेछैन ।
१३.५ जलयान को लग बुक हुनु पर्ने छ, र हरेक १०० घण्टामा उत्पादक वा विक्रिवितरकद्वारा मर्मत तथा चेक जाँच अनिवार्य गराउनु पर्ने छ ।
माथि उल्लेखित सर्तहरू नमानेको खण्डमा अस्थायी रुपमा सञ्चालनमा रोक लगाउने तथा ३ पटक भन्दा बढी सर्त उल्लंघन गरेको अवस्थामा अनुमति पत्र खारेज गर्नको लागि आदेश गर्न सकिनेछ ।

## परिच्छेद-६

**१४. अनुमतिपत्र खारेज गर्न सकिने व्यवस्था**

१४.१ अनुमतिपत्र प्राप्त व्यक्ति वा कम्पनीले यो कार्यविधिमा उल्लेखित प्रावधान अनुसार सञ्चालन नभएका व्यक्ति/कम्पनी वा फर्महरूको इजाजत कुनै पनि समयमा व्यवस्थापन समितिले रद्द गर्न सक्नेछ । यस कार्यविधि विपरीत कुनै पनि काम गरेमा उप बुँदा (१८) वमोजिम गठित समितिले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।
१४.२ उपबुँदा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।
१४.३ उपबुँदा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नुअघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनुपर्नेछ ।
१४.४ जलयानको यान्त्रिक वा संरचना बिगारेमा अनुमतिपत्र खारेज हुनेछ ।
१४.५ जलयानको हल नं., इन्जिन नं. बिगारेमा अनुमतिपत्र खारेज हुनेछ

१४.६ आवेदन तथा निरीक्षकको प्रमाणपत्रमा उल्लेख विवरण अमिल्दो भएमा अनुमति पत्र खारेज हुनेछ ।

१४.७ सुरक्षा सुपरिवेक्षण सम्बन्धी व्यवस्था पालना नगरेमा अनुमति पत्र खारेज हुनेछ ।

१४.८ अनुमति दिइएको स्थानभन्दा फरक स्थान बाट व्यवसाय सञ्चालन गरेमा अनुमति पत्र खारेज हुनेछ ।

१४.९ जलयानको निरीक्षणको प्रमाणपत्र तथा अनुमति पत्र निलम्बन वा खारेज गर्ने सम्बन्धमा कारबाही अगि बढाइएको अवस्थामा कार्यालयले उक्त जलयानको सञ्चालनमा रोक लगाउन सक्नेछ । साथै आवश्यक परेको खण्डमा जलयान जफत समेत गर्न सक्नेछ ।

१४.१० यसरी प्रमाणपत्र रद्द भएको कारण व्यवसायीहरू आफ्ना कानुनी दायित्वबाट मुक्त हुने छैनन ।

१४.११ जलयानको बनोट, रंग तथा इन्जिन परिवर्तन गर्नु परेमा अनुसूची ९ बमोजिम कार्यालयको स्वीकृती लिनुपर्नेछ ।

## परिच्छेद-७

### १५. दण्ड सजाय सम्बन्धी व्यवस्था:-

१५.१ प्रचलित कानून र यस कार्यविधिमा उल्लेख भए बमोजिम नियम उल्लङ्घन गरेमा निजलाई सहजीकरण समितिको निर्णयमा नगर कार्यपालिकाले बढीमा बीस हजारसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति सञ्चालकको जायजेथाबाट भराई दिन सक्नेछ ।

१५.२ यस कार्यविधि वमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका सर्तहरू पालना नगरी जलयातायात सम्बन्धी व्यवसाय सञ्चालन गरेमा अनुगमन समितिको निर्णयमा नगर कार्यपालिकाले पहिलोपटक १० हजार रुपैयाँसम्म जरिवाना गर्न र दोस्रो पटकको लागि २० हजार रुपैयाँ जरिवाना लिन सक्नेछ तथा तेस्रो पटकको लागि ५० हजार रुपैयाँ जरिवाना लिन सक्नेछ । ३ पटक भन्दा बढि सर्त उल्लङ्घन गरेको अवस्थामा जलयान जफत गर्न सकिने छ ।

१५.३ कसैले बदनियतसाथ कुनै स्थानीय संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानीको बिगो असुलगरी निजलाई बिगो बमोजिम जरिवाना गराई वा नियमानुसार कारवाहीको लागि कार्यपालिकामा सिफारिस गर्ने ।

१५.४ सेवा रोक्न सक्ने : सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकृत रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा सहजीकरण समितिको निर्णयमा नगरपालिकाले त्यस्तो सेवा अस्थायी वा स्थायी रुपमा बन्द गर्न सक्नेछ ।

१५.५ जल यातायात व्यवसाय नगरपालिकामा दर्ता नगरी सञ्चालन गर्न पाइने छैन।

१५.५.१. यस नियमावली बमोजिम निम्न कार्यहरूलाई कसूर मानिनेछ :

(क) कार्यालयमा जलयान दर्ता नगरी सञ्चालन गरेमा

(ख) कार्यालयमा जलयान व्यवसाय दर्ता नगरी जलयान व्यवसाय सञ्चालन गरेमा

(ग) तोकिए बमोजिमको हल नं., इन्जिन नं. नम्बर जलयानमा नलेखिएमा

(घ) तोकिए बमोजिमको प्रमाणहरू देखिने गरी नराखेमा

(ङ) चालक अनुमतिपत्र प्राप्त नगरी जलयान सञ्चालन गरेमा

(च) चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले जलयान सञ्चालन गरी दुर्घटना भएमा
(छ) रुट इजाजतपत्र भन्दा बाहिरको क्षेत्रमा जलयान सञ्चालन गरेमा
(ज) समयमै राजश्व नतिरेमा
(झ) कानुनले बर्खिलाप गरेको कार्य गरेमा

## परिच्छेद-८

### १६. मनोरञ्जन शुल्क सम्बन्धी व्यवस्था:-

१६.१ यस कार्यविधि बमोजिम जल यातायात सञ्चालन सम्बन्धमा अनुमति दिँदा गैंडाकोट नगरपालिकाको क्षेत्राधिकार भित्रबाट टिकट जारी गर्दा ५% सम्म मनोरञ्जन कर लगाउन सक्नेछ । उठ्न आएको राजश्व रकम नगरपालिकाको सर्वसञ्चित कोषमा दाखिला गरिनेछ ।

१६.२.सेवा शुल्क सम्बन्धी व्यवस्था :
१६.२.१ जल यातायात व्यवसाय नगरपालिकामा दर्ता नगरी सञ्चालन गर्न पाइनेछैन ।
१६.२.२ जल यातायात व्यवसाय नगरपालिकामा दर्ता गर्दा आर्थिक ऐनमा तोकिएको भए सोही बमोजिम हुनेछ ।
१६.२.३ नतोकिएको हकमा अनुसूची (८)मा उल्लेख भए बमोजिम हुनेछ ।
१६.२.४ मोटरबोट सञ्चालन समयको आधारमा निम्नबमोजिम टिकट दस्तुर कायम गर्न सकिनेछ, आवश्यक समयमा सहजीकरण समितिले नयाँ टिकट दस्तुर कायम गर्न सक्नेछ ।

## परिच्छेद -९

### १७.मोटरबोट सञ्चालन एवं सञ्चालन हुने क्षेत्र तथा तथा दायरा

गैंडाकोट नगरपालिकाको सिमाना भएर बग्ने नारायणी लगायतका नदी, नगरपालिका भित्रका सम्पूर्ण प्राकितिक नदी, ताल तलैया साथसाथै नगरपालिकाद्वारा प्रकाशित सार्वजनिक निजी साझेदारी परियोजनाहरूको क्षेत्रहरू रहनेछ । यसमा सिमाना जोडिएका भरतपुर महानगरपालिका, देवचुली नगरपालिका, बुलिङटार गाउँपालिका, देवघाट गाउँपालिका लगायतका स्थानीय तहसँग समेत आपसी समन्वय गरिनेछ । गैंडाकोट नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र कार्यपालिका बैठकबाट पारित गरी कार्य आरम्भ गर्नेछ ।

१७.१ गैंडाकोट नगरपालिका अर्न्तगत नारायणी नदीमा मोटरबोट सञ्चालन सम्बन्धमा : पानी जहाज कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागबाट सहमति प्राप्त, कम्पनी वा घरेलु तथा साना उद्योग कार्यालयमा समेत दर्ता भएका फर्महरूलाई सञ्चालन अनुमति दिइनेछ ।

१७.२ वन क्षेत्रमा मोटरबोट सञ्चालन गर्दा वन मन्त्रालयको समेत अनुमति वा राय प्राप्त गरेको हुनुपर्नेछ ।

१७.३ राष्ट्रिय निकुञ्जका क्षेत्रमा मोटरबोट सञ्चालन गर्दा निकुञ्जको अनुमति वा राय प्राप्त गरेको हुनुपर्नेछ ।

**१८ जल यातायात सहजीकरण समिति**

यस कार्यविधि बमोजिम निरीक्षकको नियुति गर्न, सञ्चालन स्थान तोक्न, रुट, इजाजत, सेवा शुल्क तथा सर्त बन्देज तोक्न, अनुमति रद्द तथा कार्यबाहि तोक्न जल यातायात सहजीकरण समिति रहनेछ ।

| | |
|---|---|
| क) नगर-प्रमुख | -संयोजक |
| ख) नगर-उप प्रमुख | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) कानून अधिकृत | - सदस्य |
| ङ) इलाका प्रहरी कार्यालय प्रमुख | - सदस्य |
| च) जल यातायात सम्बन्धी विशेषज्ञ | - सदस्य |
| छ) वन वातावरण तथा विपद व्यवस्थापन समिति | - सदस्य |
| ज) योजना शाखा प्रमुख | - सदस्य |
| झ) राजश्व प्रमुख | - सदस्य सचिव |

**१९ जल यातायात सहजीकरण समितिको काम-कर्तव्य अधिकार**

१९.१ उपनियम **६.४** बमोजिम निरीक्षक नियुक्त गर्ने

१९.२ जलमार्गको रुट तोक्ने

१९.३ सेवा शुल्क तोक्ने

१९.४ सर्त बन्देज पालना गरेको नगरेको अनुगमन गर्ने

१९.५ जलयात्राको प्रवर्द्धन सम्बन्धी कार्य गर्ने

१९.६ जल व्यवसायलाई आवश्यक मार्ग निर्देशन गर्ने

१९.७ आवश्यक कारवाहीको लागि सिफरिस गर्ने

१९.८ समस्या तथा विवादको मध्यस्थता गर्ने

१९.९ जलयात्रा निरन्तर सञ्चालनको लागि कार्य गर्ने, अबाञ्छित गतिबिधि हुन नदीने ।

१९.१० गैंडाकोट नगरपालिकामा जलयात्राको बिकासको लागि आवश्यक निति निर्माण गर्न समन्वय गर्ने ।

**२० जलयान कर्मचारी तथा व्यवस्थापान सम्बन्धी प्रशिक्षण दिने सम्बन्धमा**

२०.१ जलयान कर्मचारी तथा व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिने संस्थाहरू कार्यलयमा दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्नेछ

२०.२ यस्तो संस्थाले कार्यलयमा दर्ता गर्न निम्न कागजात सहित अनुमतिको लागि दरखास्त दिनु पर्नेछः-

क, कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ख, कर दर्ताको प्रमाण

ग, पानी जहाज कार्यालय वा सोसँग सम्बन्धित मन्त्रालयबाट गरिएको सिफारिस

घ, संचालकको नागरिकताको प्रतिलिपि

ङ पानी जहाजमा कम्पनीमा ५ वर्ष कार्य गरेको अनुभवी व्यवस्थापनको सीम्यान बुक तथा अन्य प्रमाण

च, प्रशिक्षण संस्थाको अनुमति माथि उल्लेखित कागजात सहित आएको निवेदन उपर कार्यवाही भई दर्ता को इजाजत दिन सकिने । यसको लागि आवश्यक Port तथा तालिम स्थान समेत उपलब्ध गराइनेछ ।

**परिच्छेद -१०**

**बिबिध**

**२२ बाधा अड्काउ फुकाउ तथा व्याख्या :**

यस कार्यविधिको अन्तिम व्याख्या एवं बाधा अड्काउ फुकाउने कार्य नगर कार्यपालिकाले गर्नेछ ।

**२३ परिमार्जन तथा संशोधन :**

यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## अनुसूची -१

(कार्यविधिको परिच्छेद -३, बुँदा ६.३ सँग सम्बन्धित )
अनुमतिका लागि दिइने दरखास्त ढाँचा

श्रीमान् प्रमुख ज्यू
गैंडाकोट नगरपालिका
नवलपरासी

विषय : जल यातायात व्यवसाय अनुमति पाँऊ भन्ने सम्बन्धमा ।

महोदय ,

म निवेदक / सञ्चालक फर्म ........................................................ ले नारायणी नदीमा जल यातायात व्यवसाय सञ्चालन गर्नका लागि यो निवेदन गरेको छु । मैले पेस गरेका संलग्न कागजात प्रमाण र अन्य भौतिक अवस्था समेतको अनुगमन गरी जल यातायातको सञ्चालन कार्यविधिले निर्धारण गरेको क्षेत्रभित्र यातायात सञ्चालन गर्न अनुमति पाउन अनुरोध छ ।

क.कम्पनी/फर्म /व्यक्तिको पूरा नाम, थर :

ख. कम्पनी/फर्म /व्यक्तिको पूरा ठेगाना :

ग.जल यातायात सञ्चालन गर्ने स्थान :

घ.पुँजी : सेयर धनी संख्या:

ङ जलयान निर्माता : इन्जिन निर्माता :

हल नं. इन्जिन नं :

विल विजक नं. : विदेशबाट आयात गरेको भए प्रमाणपत्र नं. :

**संलग्न कागजपत्रहरू :**

- व्यवसाय दर्ताको निवेदन
- जलयान निर्माताको प्रमाणपत्र तथा Sea Wordiness Test certificate
- जलयान चालक प्रमाणपत्र ।
- निरीक्षणको प्रमाणपत्र । जलयानको लगबुक ।
- कम्पनी, फर्म वा संस्था दर्ताको प्रतिलिपि ।
- कम्पनी, फर्म वा सस्था अद्यावधिक भएको प्रमाण ।
- प्यान वा भ्याट दर्ताको प्रमाण पत्र, Tax Clerance प्रमाणपत्र ।
- सम्बन्धित व्यवसायीको नागरिकताको प्रतिलिपि ।
- विदेशबाट आयात गरेको भए हल नं. र इन्जिन नं स्पष्ट खुलेको प्रज्ञापनपत्र वा नेपालमा बनेको भए हल नं. र इन्जिन नं स्पष्ट खुलेको आधिकारिक विल विजक सहितको जलयानको विवरण । प्रयोग गरिएको इन्जिनको विक्री वितरक नेपालमा रहेको प्रमाण ।

दरखास्तवालाको नाम : ना.प्र.नं :
हस्ताक्षर : मिति :
सम्पर्क नं :

**अनुसूची -२**

**गैंडाकोट नगरपालिका**

( परिच्छेद -३ ,को दफा ९ संग सम्बन्धित )

फोटो

विषय : अनुमतिको प्रमाणपत्र ।

श्री.....................

..........................।

महाशय,

तपाईलाई जलयात्रा व्यवसाय / जलयात्रा Port व्यवस्थापन / जलयात्रा सम्बन्धी तालिम केन्द्र व्यवसाय सञ्चालनको लागि कार्यविधिको परिछेद ......... दफा ......... अनुसार अनुमति प्रदान गरिएको छ ।

जलयात्रा सञ्चालन गर्ने स्थान-

| जलयात्रा सञ्चालन गर्ने मुख्य पोर्ट | प्रस्थान बिन्दु | गन्तव्यको अन्तिम बिन्दु |
|---|---|---|
| | | |

जलयान संख्या -

| २५ सिट भन्दा कम क्षमताको जलयाना | २५ सिट भन्दा बढी क्षमताको जलयाना | जम्मा जलयान संख्या |
|---|---|---|
| | | |

जलयान सञ्चालन समय - २४ सै घण्टा

अनुमति दिने अधिकारी

नामः
दर्जा :
दस्तखतः
मितिः

द्रष्टव्य : सम्बन्धित अनुमति माग गरिएको फर्म /कम्पनी व्यक्ति नेपाल सरकारको नियमानुसार कालो सूचीमा परेको पाएमा अनुमति दिइने छैन। अनुमति दिइसकेको भए जुनसुकै बखत अनुमति रद्द गरिनेछ ।

व्यवसायको नाम - दर्ता नं. -

व्यवसायीको नाम -

**व्यवसाय नवीकरण तालिका**

| आ.व. | व्यवसाय कर | जलयान दर्ता शुल्क | जम्मा रकम रु | रसिद नं. | तिरेको मिति | जम्मा जलयान | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**अनुसूची -३ (क)**

परिच्छेद -३,को दफा ९.३ तथा परिच्छेद -४, को दफा १० संग सम्बन्धित

**व्यवसाय दर्ता तथा नवीकरण शुल्क**

| **क.स** | **जलयान संख्या** | **व्यवसाय दर्ता शुल्क रु.** | **नवीकरण शुल्क** |
|---|---|---|---|
| १ | २५ सिट भन्दा कम क्षमताको व्यवसाय (प्रति जलयान) | रु १५,०००/- | रु ७,५००/- |
| २ | २५ सिट भन्दा माथिको क्षमताको व्यवसाय (प्रति जलयान) | रु २०,०००/- | रु.८,००० /- |
| ३ | जलयान सञ्चालन तथा व्यवस्थापन, तालिम केन्द्र | रु २५,०००/- | रु.१०,००० /- |
| ४ | प्यारासेलिङ्ग तथा एअर बेलुन | थप रु २५,०००/- | रु.१०,००० /- |

जलयानको संख्या IEE मा उल्लेख गरेको भन्दा बढी हुन नहुने ।

**अनुसूची -३ (ख)**

परिच्छेद -४,को दफा ८ (ख) सम्बन्धित

**म्याद समाप्त भए पश्चात् विलम्ब शुल्क**

| क.स | जलयान संख्या | विलम्ब शुल्क रु. |
|---|---|---|
| १ | म्याद गुज्रेको १ महिनासम्म (साउन मसान्तसम्म) | नवीकरण शुल्कको १०% थप |
| २ | म्याद गुज्रेको २ महिनासम्म (भदौ मसान्तसम्म) | नवीकरण शुल्कको २०% थप |
| ३ | म्याद गुज्रेको ३ महिनासम्म (असोज मसान्तसम्म) | नवीकरण शुल्कको ३०% थप |
| ४ | म्याद गुज्रेको ४ महिनासम्म (कार्तिक मसान्तसम्म) | नवीकरण शुल्कको ४०% थप |
| ५ | म्याद गुज्रेको ५ महिनासम्म (मंसिर मसान्तसम्म) | नवीकरण शुल्कको ५०% थप |
| ६ | म्याद गुज्रेको ६ महिनासम्म (पुस मसान्तसम्म) | नवीकरण शुल्कको १००% थप |

अनुसूची ४

परिच्छेद ८ को बुँदा ११(२) सँग सम्बन्धित

नारायणी नदी किनारमा सञ्चालित मोटरबोट कम्पनीहरूलाई तपसिल बमोजिको क्षेत्रफलमा

| क.स | मोटरबोटको संख्या | क्षेत्रफल(मोहडा) |
|---|---|---|
| १ | २५ सिट भन्दा कम क्षमताको जलयान भएकोमा प्रति जलयान | १० फीट |
| २ | २५ सिट भन्दा माथिको क्षमताको जलयान भएकोमा प्रति जलयान | १५ फीट |
| ३ | कार्यालयले आफै आवश्यक पोर्ट निर्माण गरी आफै वा Lease गरी वा सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालन गर्न दिई एकद्वार प्रणाली मार्फत एकै स्थानबाट जलयान सञ्चालन गर्न सक्नेछ। साथै तोकिएको कुनै एक स्थानमा स्थान अभाव भएमा कार्यालयले अन्य कुनै पनि स्थानमा पोर्ट तोक्न सक्नेछ। | |
| ४ | तलिम केन्द्र, प्यारासेलिङ्ग तथा एअर बेलुनको हकमा आवश्यक माग गरिएको स्थान एकिन गरी सहजीकरण समितिले निर्णय गर्नेछ। | |

नबढ्ने गरी स्थान उपलब्ध गराइनेछ।

अनुसूची ५

परिच्छेद ६ को बुँदा १५.११ सम्बन्धित

**जलयानको उपकरण/बनोट परिवर्तन गर्न दिइने दरखास्त**

(नियम ८ को उपनियम ८.१७क) सँग सम्बन्धित)

श्रीमान् प्रमुख ज्यू,
गैंडाकोट नगरपालिका
नवलपरासी ।

मेरो/हाम्रो नाममा दर्ता रहेको ..................................................................जलयानको इञ्जिन/चेसिस/रड/सिट/स्वरुप परिवर्तन/हेरफेर गर्नुपर्ने भएकोले आवश्यक दस्तुर र प्रमाण संलग्न राखी दरखास्त दिएको छु/छौं । जलयान जाँची बुझी परिवर्तन / हेरफेर गर्न स्वीकृती पाऊँ । फरक परेमा कानून बमोजिम सहुँला/बुझाउँला ।

१. जलयान धनीको नाम, थर र ठेगाना

२. जलयान हल नं.– जलयानको इन्जिन नं. -

३. जलयानको किसिम –

४ जलयानमा परिवर्तन/हेरफेर गर्नुपरेको कारण–

५ लगबुकको प्रतिलिपि

६ जलयान निर्माताको मूल्याङ्कन प्रतिबेदन तथा Quotation पत्र –

दरखास्तवालाको–

सही–

नाम थर–

ठेगाना–

मिति–

जलयान परिवर्तन/हेरफेर सम्बन्धमा जलयान निर्माताको प्राविधिक प्रतिवेदन तथा Quotation पत्र

निर्माताको सही–

| | | |
|---|---|---|
| जलयान जाँच्ने प्राविधिकको सही | फाँटवालाको सही | परिवर्तन/हेरफेर गर्न स्वीकृती दिने अधिकृतको सही |

## सर्भेयरले भर्ने विवरण फाराम

(नियम 6 को उपनियम 6.1 सँग सम्बन्धित)

**१. जलयान सम्बन्धी विवरण - (२५)**

(क) जलयान दर्ता नं.- (ख) जलयान दर्ता मिति-

(ग) जलयान धनीको नाम, थर र वतन*-

(घ) जलयानको किसिम*- (ङ) जलयानको मोडेल*

(च) बनाउने कम्पनीको नाम, देश*-

(छ) जलयान बनेको साल*- (ज) जलयानको नाम*

(झ) जलयानको च्यासिस हल नं.*.-

(ञ) जलयानको इञ्जिन नं.*- (ट) सिलिण्डर संख्या*-

(ठ) इञ्जिन पावर - सि.सि *. - (ड) Four stroke engine *–

(ढ) प्रयोग गर्ने इन्धनको किसिम*-

(ण) Horn* (त) Sound/Music system*

**(थ) जलयानको नाप**

लम्बाइ*: ........... मि. चौडाइ*: ........... मि. उचाइ*: ........... मि.

**(द) जलयानको वजन**

क) कुल वजन*- (ख) भारवहन क्षमता*- (ग) सिट संख्या*-

(थ) प्रयोग*-

**(ध) जलयानको रङ-**

(क) बडीको रङ*- (ण) सिसाको रङ*–

(न) Canopy *- (ध) Front Drive / Rear drive*-

**२५ सिट भन्दा माथि भएमा (५)**

(प) संचार सेट* -

(फ) GPS Device* Live GPS Tracker*, Depth Analyzer*,
Handy Communication system*

**(ब) सुरक्षा सम्बन्धी व्यवस्था (२५)-**

२. जलयान दर्ता प्रमाण पत्रमा उल्लेखित विवरण ठीक भए नभएको *-

३. शरीरमा फ्री बोर्ड मार्किग (free board marking) भए नभएको * -

४. जलयानको बडीको रङ र अवस्था ठीक भए नभएको? * -

५. झ्याल, सिट र सिसाको अवस्था ठीक भए नभएको? * -

६. जलयानको हेडलाईट, ब्याक लाइट, साइड लाइट आदिको अवस्था ठीक भए नभएको ? * -

७. जलयानको इञ्जिनको अवस्था(१) स्टार्टिङ्ग (२) पिकअप (३) जनरल ट्युनिङ्ग*

८. जलयानको स्टेरिङ, ब्रेक, गियर आदिको अवस्था*-

९. जलयानको आवाज र धुँवाको मात्रा ठीक भए नभएको*-

१०. जलयानको नम्बर प्लेटको अवस्था*-

(क) तोकिएको साइजमा भए नभएको*-

(ख) तोकिएका रङ भए नभएको *-

(ग) बोटको नाम उपयुक्त ठाउँमा सबैले देख्ने बुझ्ने गरी दुबै तर्फ राखे नराखेको*-

११ जलयान निर्माताको दर्ताको प्रमाण, catalog सहित कर विल विजक तथा विदेश बाट आयात गरेको भए प्रज्ञापनपत्र भए नभएको *-

१२ प्रयोग गरिएको इन्जिनको आधिकारिक विक्री वितरक नेपालमा रहेको प्रमाण । विक्री वितरक प्रमाणपत्र सहित इन्जिन उत्पादकको आधिकारिक website मा विक्रि वितरक विवरण उल्लेखित भए नभएको* -

१३ यात्री तथा चालकदलको कम्तीमा १० लाखको बिमा*–

१४ लाइफ ज्याकेट संख्या* -

१५ बोना-२*,
सिठी-२*,
वाटर ट्युब बोट फेन्डर-२* ,
थ्रो ब्याग २/२ वटा*–

१६ प्राथमिक स्वास्थ्य उपचार किट*–

१७ e-Ticketing System प्रणालि *–
क. Internal Revenue Department (IRD) प्रमाणित भए नभएको*-
ख.प्रमाणित मरिन तथा पोर्ट Module भए नभएको*-
ग. कार्यालयमा Live monitoring गर्ने व्यवस्था भए नभएको *-

**(भ) अन्य (१०)**

१८ जलयान चालक प्रमाण पत्र* –

१९ जलयान चालक तालिम प्राप्त गरेको प्रमाणपत्र*–

२०. जलयात्राको समय टिपोट गर्ने LOG BOOK भए नभएको* -

क) LOG BOOK पूर्ण रुपमा भरिएको ख) आंशिक भरिएको गं) नभरिएको घ) केरमेट गरिएको

२१. जलयानको नियमितरूपमा सर्भिसिङ्ग गराए नगराएको*-

रात्रिकालीन सञ्चालन हुने बोटको लागि

२२ Navigation Light, Flood Light *–

२३. जलयानको अवस्था*

२४. समष्टीगत मूल्याङ्कन:*

२५. जाँचपास प्रमाण दिन योग्य भए नभएको *-

२६. जाँचपास प्रमाणपत्र दिनु पर्ने अवधि*-

२७. अन्य -Water worthiness*

जलयान जाँचपास दिन योग्य देखिएमा (कम्तीमा ५५ अंक प्राप्त, २५ सिटभन्दा माथि ६० अंक प्राप्त) सो को जाँचपास प्रमाणपत्र प्रमाणित

सिफारिस गर्ने प्राविधिकको- प्रमाणित गरिदिने अधिकारीको-

सही - सही -

नाम थर - नाम थर -

मिति - मिति -

जलयान सञ्चालकको नाम थर-
फोनं नं
सही छाप

सर्भेयरको प्रमाण पत्र
(नियम ६ को उपनियम ६.२ संग सम्बधित )

श्रीमान् प्रमुखज्यू,
गैंडाकोट नगरपालिका
नवलपरासी ।

क.स. मिति–

१.जलयान दर्ता न.–

२.जलयान धनीको नाम थर –

३.जलयानको किसिम – ४.जलयान नाम –.

(५) जलयानको निर्माता कम्पनी

जलयानको मोडेल जलयान बनेको साल

जलयानको च्यासिस/हल नम्बर –

जलयानको इञ्जिन नम्बर – इन्धनको किसिम –

इञ्जिन पावर - सि.सि *. - सिलिण्डर संख्या *–

८.जलयानको रङ –

१०.जलयानको वजन क्षमता -(क) कुल वजन (ख) भारवहन क्षमता (ग )सिट क्षमता
के.जि मा-

११.जलयानको नाप
क . लम्बाइ........... मि ख. चौडाइ .............मि ग. उचाइ ...............मि

१२. धुवाँको मात्रा –

१३.जलयान जाँच गरेको मिति –

१४.जलयान जाँचपासको बहाल अवधि–

१५.अन्य सेवा सञ्चालनका सर्तहरू–

जलयान जाँचपास गर्ने प्राविधिकको -जाँचपास प्रमाणित गर्ने अधिकारीको–

सही
नाम थर-
मिति -

सही
नाम थर-
मिति -

प्रमाणिकरण मिति :- २०८०/०७/१६

आज्ञाले,
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत